भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धि सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०७८।०९।०४)**

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८।०९।०१ को निर्णयानुसार भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखामा रहने गरी **सब-इन्जिनियर र असिष्टेन्ट सब-इन्जिनियर** पदको रुपमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.bhumemun.gov.np बाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद | सेवा/समूह/उपसमूह | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| १०-०७८/०७९ | सब-इन्जिनियर | नेपाल इन्जिनियरिङ/सिभिल | पाँचौं | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण | रू.१००० |
| ११-०७८/०७९ | असिष्टेन्ट सब-इन्जिनियर | नेपाल इन्जिनियरिङ/सिभिल | चौथों | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी. उतीर्ण | रू.१००० |

१. **आवेदन दिने स्थानः** भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खाबाङबगर, रुकुम (पूर्व) ।

२. **आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी, (सबै कागजातको प्रतिलिपी पछाडिपट्टि उम्मेदवार स्वयंले हस्ताक्षर गरेको हुनुपर्ने) ।

३. **दरखास्त दस्तुर बुझाउने स्थानः** भूमे गाउँपालिकाको कार्यालयमा तिरेको नगदी रसिद वा सिटिजन इन्टरनेशनल बैंक लि. भूमे शाखा स्थित खाता नं. (07800000001202) (ग १.१ भूमे गा.पा. आन्तरिक राजश्व शाखा ) मा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. **दरखास्त फारामः** भूमे गाउँपालिकाको वेबसाईट www.bhumemun.gov.np वा भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०७८/०९/ १८ गते कार्यालय समयभित्र ।

६. **कार्य शर्त, पारिश्रमिक र अवधिः** भूमे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७४ बमोजिम ।

७. **उमेर हदः** पुरुषको हकमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको हुनुपर्ने छ ।

८. **काम गर्नु पर्ने स्थानः** भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले खटाईएको अन्तर्गतको जुनसुकै कार्यालयमा ।

९. **छनौटको किसिमः** छोटो सूची, लिखित परिक्षा र अन्तरवार्ता ।

१०. **थप जानकारी** www.bhumemun.gov.np, ९८०९८१७७७७, ९८०८५०२०२३, ९८०१३३२३८३

२०७८।९।४

प्रमुख प्रशासकीय अधिकृत